**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETINS**

**BROADCAST 18.40HRS** **DATE:27.05.2024**

***Lok sabha election last phase***

देशमा लोकसभा चुनाउको सातौं तथा अन्तिम चरणका लागि प्रचार चरममा छ। राजनीतिक दलहरूका शीर्ष नेताहरूले ऱ्याली र रोड शो गरिरहेछन्। यस चरणमा पहिलो जूनका दिन आठ राज्यका सन्ताउन्न सीटहरूमा भोट हालिनेछ। मतगणना चार जूनमा हुनेछ।

***Postal ballot geyzing***

राज्यमा सेवा मतदाताहरूका डाक मतपत्रहरू प्राप्त गर्ने प्रक्रिया अझै पनि जारी छ। गेजिङ जिल्लामा आज पठाइएको ETPBS प्रणालीका डाक मतपत्रहरू राब्देन्सी स्थित जिल्ला प्रशासनिक केन्द्रको स्ट्रङ्ग रूममा राखिएको छ। पेलिङ डाकघरका अधिकृतले सबै मतपत्रहरू चुनाउ विभागका अधिकारीलाई हस्तान्तरण गरियो। जिल्लालाई अहिलेसम्म सेवा मतदाताहरूका जम्मा एक सय एकासीवटा डाक मतपत्रहरू प्राप्त भएका छन्। भारतको निर्वाचन आयोगको मानदण्ड अनुरूप सबै डाक मतपत्रहरूलाई सीलबन्द गरी राखिएको छ।

***Postal ballot pakyong***

यसैगरी पाकिम जिल्लामा सेवा मतदाताहरूका थप आठवटा डाक मतपत्रहरू अतिरिक्त जिल्लाधीश सुश्री अनुपा तामलिङलाई हस्तान्तरण गरियो। यस अवसरमा विभिन्न राजनीतिक पार्टीका चुनाउ एजेन्टहरू पनि उपस्थित थिए। त्यसपछि मतपत्रहरूलाई स्वन्धित विधानसभा समस्टि र प्राप्त भएको तिथि अनुरूप छुट्याएर सीलबन्द गरी जिल्ला प्रशासनिक केन्द्र पाकिममा स्थापना गरिएको स्ट्रङ रूममा राखिएको छ। उल्लेखनीय छ जिल्लाका पाँच समस्टीका अहिलेसम्म तीन सय त्रिचालिस सेवा डाक मतपत्रहरू प्राप्त भएका छन्। राज्यका अन्य जिल्लामा पनि सेवा मतदाताहरूका डाक मतपत्रहरू पठाउने कार्य भइरहेछ।

***Pakyong selection of grounds***

पाकिम जिल्लामा महगणना दिवसका लागि स्थलहरू आनंटन गरिएको छ। आउँदो महीना दुई र चार तारीकका दिन हुने राज्यविधानसभा र लोकसभा चुनाउको मतगणना स्थलहरू छुट्याउन पाकिमका जिल्लाधीश तथा जिल्ला निर्वाचन अधिकारी श्री टाशी छोपेलले आज विभिन्न राजनीतिक पार्टीका प्रतिनिधिहरूसित बैठक गर्नुभयो।

यसमा लटरीको माध्यमद्वारा पारदर्शी तथा भेगभावरहित उपाय अप्नाएर चुनाउ प्रक्रिया अखण्डता कायम राख्दै स्थलहरू आवंटित गरियो। लटरी ड्र अनुसार सिक्किम प्रजातान्त्रिक मोर्चा SDF का लागि डिकलिङ मैदान सिक्किम क्रान्तिकारी मोर्चा SKM का निम्ति आर्क एकाडेमी मैदान। सिटिजन एक्शन पार्टी CAP र भारतीय जनता पार्टी BJP का निम्ति पाकिम टयाक्सी स्ट्याण्ड छुटाइएको छ। बैठकमा पाकिमका अतिरिक्त पुलिस अधीक्षक श्री रिञ्जिङ छोपेल र चुनाउ कक्षकी संयुक्त सचिव सुश्री मेरिना राईका पनि उपस्थिती थियो।

***Accident***

नाम्ची जिल्लाको जोरथाङवाट गान्तोक आइरहेको एउटा यात्री वाहन रम्फुदेखि दस किलोमिटर टाढ़ा पश्चिम बंगालको तारखोला नजीकै एउटा ट्रकसित ठोक्किँदा दुर्घटनाग्रस्त भयो। आज दिउँसो भएको वाहन दुर्घटनामा एकजनास व्यक्तिले ज्यान गुमाएका छन् भने दसजना घाइते भए। चारजनाको अवस्था गम्भीर रहेकाले उनीहरूलाई सिङताम अस्पतालमा रेफर गरिएको छ। अन्य जनाको उपचार रम्फु प्राथमिक स्वास्थ केन्द्रमा भइरहेछ।

***CM***

सिक्किम क्रान्तिकारी मोर्चा SKM पार्टीले 2019 सालमा आजकै दिन सत्ताइस मई श्री प्रेमसिंह तामाङको न्तृत्वमा राज्यको सत्रा सम्हालेको थियो। पार्टी अध्यक्ष तथा मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले आफ्नो फेसबुक पेजमा मन्त्रीमण्डलका सदस्यहरू, विधायकगण, पार्टी र आफु स्वयंको तर्फवाट यसका लामि महत्वपूर्ण भुमिका निर्वाह गर्ने सिक्किमका मानिसहरूप्रति आभार प्रकट गर्नुभएको छ।

***President bhahma kumaris***

रास्ट्रपति श्रीमती द्रौपदी मुर्मुले भन्नुभएको छ स्वार्थदेखि माथि उठेर जन कल्याणको भावनाले काम गर्नु आतरिक आध्यात्मिकताको सामाजिक अभिव्यक्ति हो। उहाँले भन्नुभएको छ जनकल्याणका लागि दान सबैभन्दा महत्वपूर्ण आध्यात्मिक मूल्यहरूमध्ये एउटा हो। रास्ट्रपति मुर्मु आज नयाँ दिल्लीको भारत मंडपममा ब्रहम्कुमारीद्वारा आयोजित एउटा समारोहमा स्वच्छ र स्वस्थ समाजका लागि आध्यात्मिक सशक्तिकरणको रास्ट्रिय शुभारम्भ कार्यक्रमलाई सम्वोधन गर्दैहुनुहुन्थ्यो। श्रीमती मुर्मुले भन्नुभयो स्वस्थ मानसिकताले मसग्र कल्याण सम्भव छ। उहाँले भन्नुभयो आद्यात्मिक सशक्तिकरणलै वास्तविक सश्क्तिकरण हो र आध्यात्मिक मूल्यले सबै धर्मका मानिसहरूलाई एकाअर्कासित जोड्छ।

***Army INDIAN OIL***

पर्यावरण अनुकूल परिवहनलाई प्रोत्साहित गर्ने दिशातर्फ महत्वपूर्ण पाइलाचाल्दै इण्डियन ओयलले भारतीय सेनालाई हाइड्रोजन इन्धनले चल्ने अत्याधुनिक बस प्रदान गरेको छ। सेना प्रमुख जेनरल मनोज पाण्डे र इण्डियन ओयलका अध्यक्ष एस एम बेद्यको उपस्थितीमा इण्डिया गेट स्थित रास्ट्रिय युध्द स्मारकमा आयोजित एउटा कार्यक्रममा यससित सम्वन्धित सम्झोतामा हस्ताक्षर गरियो। यस पहलको उद्देश्य ठूलठूला वाहनहरूमा हाइड्रोजन र ब्याटरी आधारित प्रौद्योगिकीलाई प्रोत्साहित गर्नु हो। यस अवसरमा बोल्दै जेनरल पाण्डेले भन्नुभयो सेनाले, पर्यावरणको संरक्षणलाई ध्यानमा राख्दै आफ्नो सञ्चालन क्षमता बढ़ाउनका लागि नयाँ प्रौद्योगिकी अप्नाउन प्रतिवध्द छ।